# बैठक १

आज मिति २०८१/०४/२५ गते यस बैजनाथ गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश बहादुर शाही** ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | [signature] |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | [signature] |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | [signature] |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | [signature] |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | [signature] |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | [signature] |
| ८ | ~~भवानी पुन मगर~~ [illegible] थापा [illegible] | वडा अध्यक्ष, वडा नं ६ | [signature] |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | [signature] |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | [signature] |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | [signature] |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | [signature] |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | [signature] |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | [signature] |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | [signature] |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | [signature] |
| १७ | विश्वराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| १८ | तप्तराज आचार्य | अधिकृत | [signature] |
| १९ | | | |
| २० | | | |

[signature] [signature]

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं २ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सी.अ.न.मी. पदमा कार्यरत श्री यामुसरा थापाको अपुग तलब भत्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग माग गरी भुक्तानी गर्ने र निजलाई नियमित कामकाजमा लगाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत तपसिलका कर्मचारीहरुलाई सम्मानित उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास तथा सर्वोच्च अदालत, काठमाण्डौको फैसलामा कानून बमोजिम गर्ने भनिएकोमा मिति २०८१/०४/०८ गतेको आदेश अनुसार तलब भत्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग माग गरी भुक्तानी गर्ने र निजहरुलाई नियमित रुपमा कामकाजमा लगाउने निर्णय गरियो ।

तपसिल

| क.सं. | कर्मचारीको नाम/थर | कार्यरत पद/ श्रेणी/ तह | हाल कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | सुनिता बि.क. तिरुवा | सी.अ.हे.व., पाँचौ | प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवा | |
| २. | सुनिता बि.क. | सी.अ.न.मी., पाँचौं | आधारभूत स्वास्थ्य सेवा केन्द्र, गडरही | |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिका अन्तर्गत स्थानीय पूर्वाधार आयोजना कार्यालय, बुटवलद्वारा आ.व. २०८१/८२ का लागि बैकल्पिक सहायक राजमार्गको रुपमा देहायका आयोजना छनोट भएको जानकारी प्राप्त भयो । सो सन्दर्भमा उक्त योजनाहरु चालु आ.व. २०८१/८२ मा यस गाउँ पालिकाको स्वीकृत बार्षिक कार्यक्रममा समावेश नभएको जानकारी र उक्त योजनाहरु बहुबर्षिय योजनाको रुपमा स्वीकृत गरी थप कार्य समेत संचालन गरिदिनु हुन श्री स्थानीय पूर्वाधार आयोजना कार्यालय, बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको विवरण |
|---|---|
| १. | बैजनाथ गाउँपालिका वडा नं ५ गुरुवा गाउँदेखि खजुरा गाउँपालिकाको मनकामना चोकसम्म सडक स्तरोन्नती, बाँकि |
| २. | बैजनाथ गा.पा. वडा नं ३ नेवालाल थारुको घरदेखि गाभंर हुँदै रत्नराजमार्ग जोड्ने सडक, बाँकि |
| ३. | बैजनाथ गा.पा. ६ एच गाउँ स्कुलदेखि पूर्व लाईन हुँदै वडा नं ५ जोड्ने बाटो कालोपत्रे, बाँकि |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा तपसिल अनुसारका संघ संस्था/ व्यक्तिले आर्थिक सहयोग माग गरेको हुनाले उल्लेखित संस्था/ व्यक्तिलाई देहायको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहयोग माग गर्ने संस्था/ व्यक्ति | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | दत्त राम थारु- वडा नं ५ | रु.६,०००।- | |
| २. | मनिषा रोकाया, वडा नं ८ | रु.३०,०००।- | |
| ३. | जगमोहन थारु, वडा नं ६ | रु.६,०००।- | |
| ४. | दिपक भण्डारी, वडा नं ५ | रु.१०,०००।- | |
| ५. | संगीता बि क, वडा नं ८ | रु.८,०००।- | |

| | | | |
|---|---|---|---|
| ६. | आशा कुमारी सुनार गुरुङ, वडा नं १ | रु.१५,०००।- | |
| ७. | इलाका प्रशासन कार्यालय, कोहलपुरमा थप स्टेशन निर्माण | रु.७०,०००।- | |
| ८. | दुवारी थारु, वडा नं २ | रु.६,०००।- | |
| ९. | भोसिया थारु, वडा नं ७ | रु.१५,०००।- | |

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा तपसिल बमोजिमका योजनाको कार्यान्वयनको लागि सडक पूर्वाधार विकास कार्यालय, बाँकेलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको विवरण | संशोधित/ सुरु गर्ने योजनाको विवरण | बजेट रकम |
|---|---|---|---|
| १. | सिंहभवानी दाङपुरुवा, विकास नगर, बानियाभार हुँदै बोरिंग बस्ति जाने सडक स्तरोन्नत, बैजनाथ-३, ४, ५ बाँके | बोरिंगबस्ति हुँदै बानियाभार जाने बाँकि खण्ड सडक कालोपत्रे, बैजनाथ-४, बाँके | रु.३० लाख |
| २. | सिंहभवानी दाङपुरुवा, चिलनेटा, विकास नगर, नौलापुर हुँदै बानियाभार जोड्ने सडक कालोपत्रे, बैजनाथ-३, ४, ५ बाँके | सिंहभवानी दाङपुरुवा, विकास नगर, बानियाभार देखि सिंहभवानी जोड्ने सडक कालोपत्रे, बैजनाथ-३, ४, ५ बाँके ( सिंहभवानीबाट सुरु गर्ने गरी) | रु.१ करोड |

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपलिकालाई आवश्यक पर्ने देहायका कार्यविधि निर्माण गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल

क. शिक्षक दरबन्दी तथा तह मिलान सम्बन्धि कार्यविधि,

ख. शिक्षक छनौट सम्बन्धि कार्यविधि,

ग. आर्थिक सहयोग समबन्धि कार्यविधि ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका स्थानमा विपद/ भारी वर्षाका कारण क्षती भएको, खाल्डाखुल्डी भएका सडकहरुमा यातायात ब्यबस्थापन सहज गर्न आवश्यक मर्मत गर्नुपर्ने भएको हुँदा ति सडकहरुको लागत अनुमान तयार गरी कार्य सम्पन्न बिल अनुसार विपद कोषबाट भुक्तानी हुनेगरी उल्लेखित सडक मर्मत प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको नाम तथा स्थान | कैफियत |
|---|---|---|
| १. | मसानघाट जाने बाटोमा भएको कल्भर्टको पंखा निर्माण, ह्युमपाईप नजिक दुवै स्थानमा माटो पटान तथा ग्राभेल, बैजनाथ-१, पानीटंकी, बाँके | |
| २. | गाउँपालिका कार्यालयको गेट अगाडी र खेत नजिक ह्युमपाइप राख्ने, खन्ने काम र रामपुर देखि गुनापुर जाने बाटोमा ग्राभेल | |
| ३. | गुनापुर देखि लालपुर जाने सडकमा ग्राभेल राख्ने काम | |
| ४. | चाँदनी चोक देखि टिटीहिरिया जाने बाटोको बिभिन्न स्थानमा ग्राभेल | |
| ५. | वडा नं ५ को गुरुवागाउँ र रामपुर खेत नजिक जमेको पानी निकास तथा ह्युमपाईप राख्ने कार्य | |

प्रस्तावहरुः

१. आवश्यक कर्मचारीको बिज्ञापन गर्ने सम्बन्धमा ।
२. कार्यालय सहयोगीको सम्बन्धमा ।
३. स्वास्थ्यका कर्मचारीहरुको त.भ. सम्बन्धमा ।
४. अदालतको फैसला/आदेश कार्यान्वयन सम्बन्धमा ।
५. योजना सिफारिस सम्बन्धमा ।
६. आर्थिक सहयोग समबन्धमा ।
७. योजना कार्यान्वयन सम्बन्धमा ।
८. कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।
९. विपदबाट क्षती भएका सडक मर्मत गर्ने सम्बन्धमा ।
१०. फार्मेसी संचालन सम्बन्धमा ।
११. विपदबाट भएको क्षतीमा राहत वितरणमा मितव्ययिता सम्बन्धमा ।
१२. बिज्ञापन नं १, २, ३ र ४ / २०८०-८१ को मुल्यांकन सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका वा अन्तर्गतका कार्यालयमा आवश्यक तपसिल अनुसारका कर्मचारीहरुको विज्ञापनको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | पद | श्रेणी/ तह | आवश्यक संख्या | कामकाज गर्नुपर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | फार्मेसी सहायक | सहायक पाँचौ | १ जना | प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवा | |
| २. | रेडियोलोजी सहायक | सहायक पाँचौ | १ जना | प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवा | |
| ३. | अ.न.मि. | सहायक चौथो | १ जना | बर्थिंग सेन्टर, टिटीहिरिया स्वास्थ्य चौकी | |
| ४. | ह.स.चा. | श्रेणी बिहिन | १ जना | बैजनाथ गाउँपालिका, कृषि शाखा अन्तर्गत | कृषि एम्बुलेन्स चालक |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका वडा नं १, ३ र ८ मा कार्यालय सहयोगीको अभाव भई हाल दैनिक ज्यालादारीमा कार्यालय सहयोगी पदमा कामकाजमा लगाईएकोमा सो कार्यालय सहयोगीको रिक्त पदमा आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी छनोट गर्नेगरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवामा हाल भाडामा संचालनमा रहेको फार्मेसीको सम्झौता रद्द भई सकेको हुँदा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, बनकटवा, बाँकेले नै व्यवस्थापन तथा संचालन गर्ने गरी फार्मेसी संचालनका लागि सहमती दिने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा बैजनाथ गाउँपालिका क्षेत्रभित्र कुनैपनी किसिमको विपदजन्य घटनाबाट भएको क्षतिमा सम्बन्धित क्षतिवाला, स्थानीय जनप्रतिनिधि, रेडक्रसका प्रतिनिधि, प्रहरी आदिको संयुक्त मुचुल्का तथा क्षति देखिने संयुक्त तस्विर/ फोटो समाबेश गरी सम्बन्धित वडाको सिफारिस समेत राहत/ सहयोगका लागि आएमा क्षति भएको घर ( गोठ लगायतका अन्य संरचना बाहेक) लाई नियमानुसार राहत उपलब्ध गराइने र यस सम्बन्धि जानकारी सबै वडा कार्यालयलाई गराउने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा आ.व. २०८०/८१ मा देहाय बमोजिमका विभिन्न पदमा गरिएका बिज्ञापनका लागि पेश हुन आएका दरखास्त फारमहरु प्रमुख प्रशासकीय अधिकृतको रिक्तताका कारण समयमै मुल्यांकन हुन नसकेकोमा उक्त बिज्ञापनहरुको तपसिलमा उल्लेख भए बमोजिमको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं. | बिज्ञापन नं | पद सम्बन्धि विवरण | अघि बढाउने कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/२०८०-८१ | कृषि स्नातक (अधिकृत छैटौं- कृषि प्रसार) | रद्ध गर्ने | कारणः बजेट स्रोत/ कार्यक्रम नभएको |
| २ | ०२/२०८०-८१ | ना.प्रा.स. (सहायक चौथो- कृषि प्रसार) | मुल्यांकन प्रक्रिया अघि बढाउने | |
| ३ | ०३/२०८०-८१ | ना.प.स्वा.प्रा. (सहायक चौथो- भेटेरिनेरी) | मुल्यांकन प्रक्रिया अघि बढाउने | |
| ४ | ०४/२०८०-८१ | सहायक कम्प्युटर अपरेटर (सहायक चौथो | मुल्यांकन प्रक्रिया अघि बढाउने | |